स्थानीय सरकार Local Government

# सुनकोशी गाउँपालिका Sunkoshi Rural Municipality

## १ नं. वडा कार्यालय Office of Ward No. 1

ठोकर्पा, सिन्धुपाल्चोक Thokarpa, Sindhupalchok

२०७३ 2073

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या (Letter No.) : ०७८/०७९
चलानि नं. (Dispatch No.) : ४२१

मिति (Date) : २०७८/०९/२३

श्री नेपाल नगरपालिका संघ
केन्द्रिय कार्यालय ।

विषयः आवश्यक सहजिकरण तथा विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा सुनकोशी गाउँपालिका वडा नं.१ ले आफ्नो वडाभित्र शतप्रतिशत ७८६ घरधुरीहरु(व्यक्तिगत तथा संस्थागतसहित ) मा मिटर जडित धारा निर्माण सम्पन्न गरी २०७८ जेठ महिनाबाट २४ सै घण्टा स्वच्छ खानेपानीको आपूर्ती गरीरहेको व्यहोरा अवगत गराउन चहान्छु । शतप्रतिशत मिटर जडित धारा निर्माणलाई अभियानकै रुपमा अघि बढाई करिव ४ वर्षमा यसले पूर्णता पाएको हो । राष्ट्रिय पूननिर्माण प्राधिकरण बाट सूचिकृत लाभग्राही तथा थातथलोको रुपमा स्थायी बसोबास गर्ने वडाभित्रका सम्पूर्ण घरधुरी(संस्थागत सहित)लाई अनिवार्य यो अभियानमा सरिक गराई शतप्रतिशत मिटर जडित धाराको निर्माण तथा नियमित खानेपानीको आपूर्ती सम्भव बनेको हो । एउटा डिंप बोरिङ, ३ वटा लिफ्टिङ एवं अन्य उपलब्ध मुहानहरुलाई समेत प्रयोग गरि २६ वटा खानेपानी ट्याङ्कीहरु मार्फत हाल खानेपानी आपूर्ती भईरहेको छ । यस अभियानलाई देशव्यापी रुपमा सन्देश प्रवाह गर्ने उदेश्यले यस वडालाई **शतप्रतिशत घर (व्यक्तिगत तथा संस्थागत) मा मिटर जडित धारा मार्फत शतप्रतिशत सुरक्षित खानेपानी आपूर्ती भएको देशभरीकै पहिलो वडाको रुपमा घोषणा गर्ने कार्यक्रम** अन्तर्गत गाउँपालिका तथा नगरपालिकाहरुसँग पनि समन्वय तथा सहजीकरण अनिवार्य बनेको छ । यसै क्रममा गाउँपालिका राष्ट्रिय महासंघ मार्फत देशभरीका गाउँपालिकाहरुमा तथ्याङ्क लिने क्रम भईरहेकोले नेपाल नगरपालिका संघ मार्फत पनि देशभरीकै नगरपालिकाहरुका कुनैपनि वडाले यस प्रकारको अभियान यस अघि नै सम्पन्न गरे वा नगरेको सम्बन्धमा आवश्यक जानकारी तथा तथ्याङ्क उपलब्ध गराई सहजीकरणका लागि अनुरोध गर्दछौं ।

पूनश्च : गाउँपालिका राष्ट्रिय महासंघ मार्फत देशभरीकै गाउँपालिकाहरुमा तथ्याङ्क उपलब्ध गराउनका लागि पठाएको पत्रको प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

...........................
नेत्र बहादुर कार्की
वडा अध्यक्ष

नेत्र बहादुर कार्की
वडा अध्यक्ष

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
## National Association of Rural Municipalities in Nepal
## (NARMIN)

च.नं. ५०

मितिः २०७८।०९।१८

**श्रीमान् अध्यक्षज्यु**

सबै ४६० गाउँपालिकाहरु

### विषयः विवरण उपलब्ध गराइदिने सम्बन्धमा

प्रस्तुत सन्दर्भमा सुनकोशी गाउँपालिका वडा नं. १ सिन्धुपाल्चोकको च.नं. ४०५ मिति २०७८ पौष १८ गतेको प्राप्त पत्रानुसार उक्त वडाका सबै ७८६ (शतप्रतिशत) घरधुरी (व्यक्तिगत तथा संस्थागत) मा मिटर जडित धारामार्फत सुरक्षित खानेपानी आपूर्ती भैरहेको व्यहोरा अवगत भयो । तहाँको जानकारीको लागि पत्र यसैसाथ संलग्न गरिएको छ ।

यसैक्रममा उक्त वडाले आफुलाई **शतप्रतिशत घर (व्यक्तिगत तथा संस्थागत) मा मिटर जडित धारामार्फत सुरक्षित खानेपानी आपूर्ती भएको देशभरकै पहिलो वडाको रुपमा घोषणा** गर्न लागेकोले देशका अन्य गाउँपालिकाहरुका कुनै पनि वडाले यस प्रकारको अभियान यस अघि नै सम्पन्न गरे वा नगरेको सम्बन्धमा महासंघबाट जानकारी उपलब्ध गराईदिनु हुन भनि लेखि आएकोले तहाँ गाउँपालिका अन्तर्गत कुनै वडाले यस प्रकारको अभियान यस अघि नै सम्पन्न गरी घोषणा गरिसकिएको छ भने सोको विवरण ७ (सात) दिनभित्र यस महासंघमा उपलब्ध गराईदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**अभियानको शर्तः** वडाका सबै घरधुरी (व्यक्तिगत तथा संस्थागत) मा मिटर जडित धारामार्फत सुरक्षित खानेपानी आपूर्ती भएको हुनु पर्ने ।

...............................

**(राजेन्द्रप्रसाद प्याकुरेल)**

कार्यकारी निर्देशक

**<u>बोधार्थ</u>**

श्री वडा नं. १ को कार्यालय, सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक